# पथरी शनिश्चरे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
## पथरी,मोरङ

प.सं. ०७८/०७९ १ नं प्रदेश,नेपाल

च.नं. १४५८

मिति : २०७८/०९/०७

**विषयः विषय विज्ञमा सूचीकृत हुन निवेदन पेस गर्ने सम्बन्धी सूचना।**

**श्री सबै माध्यमिक विद्यालयहरु**

**पथरी शनिश्चरे नगरपालिका,मोरङ।**

प्रस्तुत विषय सम्बन्धमा कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगतको क्रियाकलाप नं. ९.१३ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यान्वयन प्रक्रिया प्रयोजनार्थ यस पथरी शनिश्चरे नगरपालिका अन्तरगत तपसिलमा उल्लेखित संख्या र आवश्यक योग्यता भित्र रहि स्थानीय तहका शिक्षा शाखामा कार्यरत अधिकृत स्तरका कर्मचारी र माध्यमिक तहका शिक्षक समेतको विषयगत समिति तथा विषयविज्ञ रहेको रोष्टर निर्माण गर्नुपर्ने भएकोले योग्यता पुगेका शिक्षकहरुबाट देहायका कागजात सहित मिति २०७८/०९/२१ गते कार्यालय समय भित्रमा शिक्षा,युवा तथा खेलकुद शाखामा निवेदन पेस गर्नुहुन नगरशिक्षा समितिको मिति २०७८/०८/२३ गतेको बैठकको निर्णयानुसार अनुरोध छ।

तपसिल :

| क्र.स. | पद | विषय | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विषय विज्ञ | नेपाली | १ | |
| २ | विषय विज्ञ | अंग्रेजी | २ | |
| ३ | विषय विज्ञ | गणित | २ | |
| ४ | विषय विज्ञ | विज्ञान | १ | |
| ५ | विषय विज्ञ | सामाजिक | २ | |

योग्यता :- सम्बन्धित विषयमा स्नाकोत्तर तह उत्तीर्ण गरी माध्यमिक तहमा कम्तिमा ५ वर्ष शिक्षण गरेको साथै ICT सम्बन्धि आधारभूत ज्ञान भएको हुनुपर्ने।

आवश्यक कागजातहरु :

१.शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि - १/१ प्रति २. तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि - १ प्रति ३.नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी - १ प्रति ४. नियुक्ती पत्रको प्रतिलिपी - १ प्रति ५. पासपोर्ट साइजको फोटो -१ प्रति ६. सम्बन्धित विद्यालयकोसिफारिस पत्रसहितको व्यक्तिगत निवेदन।

पुनश्च :- सम्बन्धित विषयमा तोकिएको माग संख्या भन्दा बढी निवेदन पर्न आएमा नियुक्तिको जेष्ठता,शैक्षिक योग्यताको श्रेणी,स्थानीय आदीलाई आधारमानि छनोट गरिने व्यहोरा समेत सूचित गरिन्छ।

२०७८/९/७

शालिग्राम काफ्ले
उपसचिव

बोधार्थ

श्री सूचना प्रविधि शाखा - सूचना वेवसाइटमा प्रविष्टी गरिदिनु हुन।



Scanned with CamScanner